वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : २१ मितिः २०८१/११/२८

भाग-२

## अटो तथा ई-रिक्सा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८१

प्रमाणिकरण र प्रकाशन मितिः २०८१/११/२८

१. मुल निर्देशिकाको दफा १(क) र २(ग) को सट्टा देहायको खण्ड राखिएको छ।
"यस निर्देशिकाको नाम वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिकाको प्रथम संशोधन २०८१ रहेको छ।"

२. मुल निर्देशिकाको दफा ५(१) (घ) को प्रावधान हटाइएको छ।

३. मुल निर्देशिकाको दफा ६(१)मा रहेको नौ सय संख्याको सट्टा पन्ध्र सय कायम गरिएको छ।

४. मुल निर्देशिकाको दफा १२(१) मा रहेको रू पाँच को सट्टा रू आठ कायम गरिएको छ।

५. मुल निर्देशिकाको दफा १२(२) मा रहेको रू दश को सट्टा रु बाह्र कायम गरिएको छ।

६. मुल निर्देशिकाको दफा १४(१) थप गरि देहायको खण्ड राखिएको छ।
" नगरबाट अनुमति/रुट परमिट लिएका अटो ई-रिक्सा बाहेक अन्यलाई सञ्चालन अनुमती हुने छैन। तर अन्य निकाय/पालिका बाट वीरेन्द्रनगर नगर पालिकामा सञ्चालन अनुमति लिन चाहेमा अन्य निकायबाट नियमानुसार जारी गरिएको रुट परमिट पेश गर्नु पर्ने छ। त्यस्तो



रुट परमिट पेश गर्न नसक्नेको हकमा सवारी कालो नम्बर प्लेट भएकै मिति देखिकै राजश्व तिर्नु पर्नेछ।"

७. मुल निर्देशिकाको दफा १४(२) थप गरी देहायको खण्ड राखिएको छ।
"सामाजिक सुरक्षा कार्यक्रममा समावेश हुनुपर्ने"

१. स्वरोजगार मुलक क्षेत्रमा आवद्ध श्रमिक (अटो सञ्चालक) ले नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिकको एकतिस प्रतिशत बराबरको रकम जम्मा गरी कोषमा आवद्ध हुन सक्ने छन्।

२. सामाजिक सुरक्षा योजना कार्यक्रममा आवद्ध हुने अटो सञ्चालकहरुलाई नगरपालिकाले प्रोत्साहन गर्ने छ।

आज्ञाले
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

अटो तथा ई-रिक्सा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८१, मुल्य रू. ५।-